

# अध्याय -२

## विवादको केन्द्रविन्दु: प्रेम वा स्वार्थ?

यस अध्यायका मूल पदहरूः लूका १९:४१-४४; मत्ती २३:३७,३८;
हिब्रू ११:३५-३८; प्रकाश २:११; प्रेरित २:४४-४७;
यूहन्ना १३:३५। *१७:२४-२६।*

<u>यस अध्यायको मुल सार पदः</u> *"नडराउ, किनकि म तिमीसित छु। निरुत्साहित नहो, किनकि म तिम्रा परमेश्वर हुँ। म तिमीलाई बलियो पार्नेछु। म तिमीलाई सहायता गर्नेछु। मेरो धार्मिकताको दाहिने हातले म तिमीलाई समाल्नेछु।" यशैया ४१:१०।*

मानौं तपाईंले जैतुनको पहाडको चौरमा बाख्रा चराइ रहनुहुन्छ रे। त्यो पहाडबाट तपाईंले यरुशलेमा सहरलाई हेरिरहनुभएको छ रे। अनि अचानक तपाईंले केही आवाजहरू सुन्नुहुन्छ। तुरन्तै ती आवाजहरू येशूको भनेर चिन्नुहुन्छ। उहाँले के भनिरहनुभएको छ ती सुनेर तपाईं चकित हुन्छ। उहाँले चेलाहरूलाई सम्बोधन गरिरहनुभएको थियो। अस्ताउँदै गरेको घामले गौरवशाली मन्दिरको सुनौलो गोलो छानामा र हिंउ जस्तो सेतो पर्खालहरूमा त्यस घामका किरणहरूले तिरमिर पारिरहेका छन्। त्यस मनोहर दृश्यमा येशू भावुक भएर यो व्यक्त गर्नुहुन्छ, "'तिमीहरूले यी सब देख्छौ, होइन त? साँच्चै, म तिमीहरूलाई भन्छु, 'एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, प्रत्येक भत्काएर फालिनेछ।"मत्ती २४:२। चेलाहरू त रनभुल्लमा परे। त्यो सुनेर तपाईं पनि रनभुल्लमा पर्नुभएको छ। दिमागलाई नै तिरमिर पार्ने उहाँका वचनहरूका अर्थ के होला? ती चेलाहरूलाई थाहा थियो कि

संसारको अन्त्य हुनेछ तर त्योसँग मन्दिरको के सरोकार होला भनेर ती चेलाहरू अचम्भित हुन्छन्।

अब तपाईंले कान ठाडो गरेर येशूले भन्नु भएको वचन सुन्नुहुन्छ। यस संसारको अन्त्यमा हुने विभिन्न घट्नाहरूसँग यरुशलेमको बिनाशको बारेमा उहाँले बढो कौशलपूर्वक सुनाउनु हुन्छ। उहाँको महिमित आगमन हुनुभन्दा अघि यरुशलेमको बिनाश र विश्वमा हुने घट्नाहरूको बारेमा चर्चा गर्नुहुन्छ। यस अध्ययनमा हामी यो पत्ता लगाउनेछौं कि यरुशलेमको बिनाशमा सैतानको रणनीति के रहेछ। युगको अन्तमा उसले परमेश्वरका जनहरूलाई धोखा मात्र दिने होइन तिनीहरूलाई नाश पार्न पनि उसले खोज्नेछ। यरुशलेमको पतनको संदर्भ गाँस्नुभएर येशूले संसारको अन्त्यमा हुने घट्नाहरूको रूपरेखा उहाँले कोर्नुभएको मत्ती २४ मा स्पष्टसँग चेलाहरूलाई सुनाउनुहुन्छ।

सैतानका दुई रणनीतिहरू यस अध्यायमा हामी अध्ययन गर्नेछौं। मानिसहरूलाई अनेकौं छलछाम गरेर धोखा दिने कामदेखि लिएर परमेश्वरका जनहरूलाई विनाश गर्ने नीति सैतानको छ भनेर हामीले पत्ता लगाउनेछौं। अनेकौं दुःख, कष्ट सतावत दिएर दुष्ट सैतानले मानिसलाई धोखा दिन असफल भएको थियो। तर बाइबलीय शिक्षाको विपरित चलेको लोकप्रिय धर्म, दर्शन आदि चर्चमै संयोजन गरेर वा भित्र्याएर इसाईहरूलाई नै सैतानले कसरी फसाइ रहेको छ भन्ने विषयवस्तु हामी हेर्नेछौं। सबैसँग मिल्नुपर्छ भनेर बाइबलीय शीक्षा वा आस्थासँग सम्झौता गर्नु वा गराउनु सैतानको रणनीति हो। तर त्यसप्रति परमेश्वर सजग हुनुहुन्छ भन्ने कुरामा हामी विश्वास गरि नै रहनुपर्दछ। अनेकौं चुनौति र कष्टको समयमा पनि आफ्ना प्रिय जनहरू जो उहाँका आज्ञा अनुसार चल्छन् र येशूको विश्वासमा अडान लिएर बस्छन् परमेश्वरले सुरक्षित राख्नुहुन्छ भन्ने उहाँको प्रतिबद्धता यस अध्यायमा हामी हेर्नेछौं।

*यस अध्याय द ग्रेट कन्त्रोभर्सीको अध्याय १-२ मा आधारित छ।*

## १. हृदय छियाछिया भएका वा मुटुको व्यथा लागेका मुक्तिदाता

जब जैतुन डाँडामा बसेर यरुशलेम सहर हेरिरहनुभएको थियो त्यसबेला येशूको हृदय छियाछिया भएको थियो। यूहन्नाले यूहन्ना १:११मा यसरी कोर्दछन्, "उहाँ आफ्नै मानिसहरू (चाहे आफन्तै न किन नहून) बीचमा आउनुभयो तर तिनीहरूले उहाँलाई स्वीकार वा ग्रहण गरेनन्।" यहूदी जातिलाई मुक्ति दिन

येशूले सकेसम्म सबै थोक गर्नुभएको थियो। तिनीहरूको प्यारो सहरको नाश नहोस् भनेर उहाँले प्रयास गर्नुभएको थियो।

येशूले आफ्नो हृदयबाट अनन्तको प्रेम बगाएर यहूदी जातिलाई प्रेम गर्नुभएको थियो। उहाँले बारम्बार आफ्ना पाप, अधर्महरूबाट पश्चात्ताप गरेर उहाँको अनुग्रहले भरिएको दया, क्षमा स्वीकार गरून् भनेर प्रेमपूर्वक आह्वान गर्नुभएको थियो।

**देहायका पदहरू पढ्नुहोस्। आफ्ना जनहरूप्रति येशूको मनस्थिति कस्तो थियो र उहाँको अनुग्रही र दयाका प्रिय निमन्त्रणालाई ती मानिसहरूले कसरी लिए? यहाँ परमेश्वरको चरित्र वा स्वभावको बारेमा के प्रकट गरिएको तपाईंले बुझ्नुहुन्छ? हेर्नुहोस्, "३९ बाहिर निस्केर सदाझैं उहाँ जैतून डाँड़ामा जानुभयो, र उहाँका चेलाहरू पनि पछिपछि लागे। ४० त्यस ठाउँमा पुगेपछि उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू प्रार्थना गरिरहो, र परीक्षामा नपर।" ४१ उहाँ तिनीहरूबाट प्रायः तीस मिटर पर गएर घुँड़ा टेकी प्रार्थना गर्नुभयो, ४२ "हे पिता, तपाईंको इच्छा भए, यो कचौरा मबाट हटाइदिनुहोस्। तर मेरो इच्छा होइन, तपाईंकै इच्छा पूरा होस्।" ४३ तब स्वर्गबाट एउटा दूत उहाँलाई बल दिन उहाँकहाँ देखा परे। ४४ अत्यन्त सङ्कष्टमा परेर आग्रहपूर्वक उहाँ प्रार्थना गर्न लाग्नुभयो, र उहाँको पसीना रगतका ठूला-ठूला थोप्लाजस्तै जमिनमा खसिरहेका थिए।" लूका २२:३९-४४, "३७ "ए यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने! जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्। ३८ हेर, तिमीहरूको घर उजाड छोडिएको छ। ३९ किनभने म तिमीहरूलाई भन्दछु, 'परमप्रभुको नाउँमा आउने धन्यका हुन् नभनेसम्म तिमीहरूले मलाई देख्नेछैनौ।"मत्ती २३:३७-३९ र "३६ "तर मसँग जो गवाही छ, त्यो यूहन्नाको भन्दा ठूलो छ। किनकि जुन कामहरू पूरा गर्न पिताले मलाई दिनुभएको छ, ती काम म गरिरहेको छु, अनि तिनैले मेरो विषयमा गवाही दिइरहेछन् कि पिताले मलाई पठाउनुभएको हो। ३७ मलाई पठाउनुहुने पिता आफैले मेरो विषयमा गवाही दिनुभएको छ। उहाँको सोर तिमीहरूले कहिले सुनेका छैनौ, अनि उहाँको रूप कहिले देखेका छैनौ। ३८ उहाँको वचन तिमीहरूमा रहँदैन, किनभने जसलाई उहाँले पठाउनुभयो, तिमीहरू उहाँमाथि विश्वास गर्दैनौ। ३९ तिमीहरू धर्मशास्त्रमा**

**खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्, ४० तापनि तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ।" यूहन्ना ५:३६-४०।**

परमेश्वर मायालु हुनुहुन्छ, उहाँ प्रेमिलो हुनुहुन्छ, तर उहाँको गुणिलो चरित्रको बाबजुद पनि यहूदी राष्ट्रको प्रिय यरुशलेमलाई किन नष्ट गर्न दिनुभयो? यो बुझ्न कठित त छ नै। जब सन ७०मा रोमका सेनापति टिटसको नेतृत्वमा यरुशलेम सहर कब्जा गर्‍यो तब दशौं हजार यहूदीहरूको आमहत्या भएको थियो भनेर इतिहासले बताउँछ। यरुशलेम ध्वस्त भएको थियो। पुरुष, स्त्री र बालबालिकाहरूलाई चटचट काटेको थियो। जब उहाँकै मानिसहरूले यस्तो भयानक कष्ट भोगिरहेको बेलामा परमेश्वर कहाँ हुनुहुन्थ्यो? त्यसको जवाफ स्पष्ट त छ तैपनि पूरा चित्तबुझ्दो छैन। उहाँको हृदय छियाछिया भएको थियो। उहाँका आँखाहरूमा आँशुका वलिन्द्र धाराहरू बगेका थिए। शताब्दीयौंदेखि उहाँले उहाँका जनहरूलाई आफ्नो कुमार्गबाट फर्केर सतमार्गमा हिँड भनेर आह्वान गरिरहनुभएको थियो (र छन् पनि)। परमेश्वरको माया र दयाको विरुद्धमा तिनीहरूले विद्रोही भावना जगाइरहेकोले परमेश्वरको सुरक्षा तिनीहरूले गुमाए। मानिसहरूको आत्मनिर्णय वा स्वविवेकलाई प्रयोग गरेर आफ्नै इच्छाले चल्दा परमेश्वरले सधैं हस्तक्षेप गर्नुहुन्न। मानिसहरूको दुर्गती कतिपय समयमा आफ्नै निर्णयको नतिजा हो। विद्रोहका नतिजाहरू विकसित हुन उहाँले तिनीहरूकै हातमा छोड्नुहुन्छ। लाखौं अजान मानिस र बालबालिकाहरूको आमहत्या र यरुशलेमको विनाश परमेश्वरको काम थिएन। अजान मानिसहरूको वियोगात्मक मृत्यु सैतानको काम थियो, परमेश्वरको कदापी होइन। तर परमेश्वरलाई खराब तत्त्वहरूको आरोप लगाउने, मानिसहरूलाई धोखा दिने र नाश गर्ने काम सैतानको लक्ष्य नै हो।

**यरुशलेम ध्वस्त हुनेछ भनेर भविष्यवाणी येशूले गर्नहुँदा त्यसबाट सुरक्षित हुन उहाँले उहाँका जनहरूलाई के निर्देशन दिनुभएको थियो?** हेर्नुहोस्, **"१५ "यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक पवित्रस्थानमा खड़ा भएको देखौला (पाठकले बुझोस्), १६ तब यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून्। १७ कौसीमा हुनेहरू आफ्ना घरमा भएका सामान निकाल्नलाई तल नझरून्। १८ खेतबारीमा हुने आफ्नो खास्टो लिन फर्की नआऊन्। १९ हाय! गर्भवतीहरू र दूध खुवाउनेहरूलाई ती**

**दिनमा। २० तर हिउँदमा वा शबाथमा तिमीहरू भाग्न नपरोस् भनी प्रार्थना गर।" मत्ती २४:१५-२०।**

यो याद गर्नु जरुरी छ कि यरुशलेममा सन् ७० मा बसोबास गर्ने अधिकांस इसाईहरू यहूदी जातका पृष्ठभूमिका थिए। आफ्ना जनहरू जतिसक्यो धेरै सुरक्षित होऊन् भन्ने प्रिय परमेश्वरको चाहना थियो। त्यसैकारण, रोमी सैनिकहरू आउने समयमा तिनीहरू सहरबाट भाग्न उहाँले निर्देशन दिनुभएको थियो।

***यो सोच्नुहोस्: हाम्रा वरिपरि भएका घट्ना वा वस्तुस्थितिहरूले परमेश्वरको स्वभाव वा चरित्रको मूल्याङ्कन गर्दैनौं न त गर्नुहुन्छ। जे जति घट्नाहरू हुन्छन् सो बाइबलमा प्रकट गरिएको परमेश्वरको प्रिय चरित्रको दृष्टिकोणले हेर्नुपर्छ। यो सल्लाह किन असल र उचित छ?***

## २. इसाईहरू अचम्म तरिकाले सुरक्षित हुन्छन्

यरुशलेम ध्वस्त हुनुभन्दा अघि के हुनेछ भनेर परमेश्वरलाई अगाडि नै थाहा थियो। उहाँका जनहरूलाई सुरक्षित हुन उहाँले दिनुभएको निर्देशनले उहाँका अनुग्रह र कृपालाई स्पष्ट प्रकट गरेको थियो। सेस्टियस गालस र उनका सैनिकहरूले सहरलाई घेरामा हालेका थिए। तर तिनीहरूले आक्रमण गर्नै बेलामा तिनीहरू अचानक सहरबाट हटे। यहूदी सैनिकहरूले तिनीहरूको पछि लागेर तिनीहरूलाई आक्रमण गरेर ठूलो विजय पाएका थिए।

त्यसैबेला जब रोमीहरू भागीरहेका थिए र यहूदीहरू तिनीहरूको पिछा गर्दै थिए, यरुशलेममा रहेका इसाईहरू यर्दन नदीको पारीको गाउँ र जङ्गलमा भागेर भुमिगत भएका थिए। "पर्खिरहेका इसाईहरूलाई प्रतिज्ञा गरिएको चिन्ह दिएको थियो। अब मुक्तिदाताको चेतावनी अनुसार अब तिनीहरू भाग्ने अवसर पाएका थिए। त्यस्ता घट्नाहरूले यस्तो माथ गरेका थिए कि यहूदी र रोमीहरूले ती भागाभाग भएका इसाईहरूलाई बाधा दिएनन्।"-एलेन जी. ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ३०।

**आफ्ना जनहरूले परमेश्वरको हेरचाह कस्तो हुन्छ भनेर देहायका पदहरूले हामीलाई कसरी बताउँछ? हेर्नुहोस्, "१ परमेश्वर हाम्रा शरणस्थान र शक्ति हुनुहुन्छ, सङ्कष्टमा सधैं हाजिर रहने सहायता। २ यसकारण हामी डराउनेछैनौं, चाहे पृथ्वी उथलपुथल होस्, वा पर्वतहरू समुद्रको गर्भमा खसून्, ३ चाहे समुद्र गर्जोस् र फींज काढ़ोस्, र चाहे त्यो उर्लेर आउँदा पर्वतहरू थर्कून्।"**

भजन ४६:१-३ र "८ “तर तिमी, ए इस्राएल मेरो दास, याकूब, जसलाई मैले छानेको छु। मेरो मित्र अब्राहामको वंश, ९ तिमीलाई मैले पृथ्वीको अन्तदेखि समातेर ल्याएँ, र पृथ्वीको पल्लो छेउदेखि तिमीलाई बोलाएँ। मैले भनें, ‘तिमी मेरो दास होस्’। मैले तिमीलाई छानेको छु, र तिमीलाई इन्कार गरेको छैनँ। १० यसैले नडराउ, किनकि म तिमीसित छु। निरुत्साहित नहो, किनकि म तिम्रा परमेश्वर हुँ। म तिमीलाई बलियो पार्नेछु। म तिमीलाई सहायता गर्नेछु। मेरो धार्मिकताको दाहिने हातले म तिमीलाई समाल्नेछु।" यशैया ४१:८-१०।

परमेश्वर सार्वभौम हुनुहुन्छ र उहाँका लक्ष्यहरूलाई पूरा गर्न जुनसुकै घट्नाहरूमाथि आफ्नो प्रभुत्व कायम गर्नुहुन्छ। कतिपय समयमा हाम्रै निर्णयले गर्दा परमेश्वरले उहाँको सुरुवातको योजनामा अदलबदल गर्नुहुन्छ। तर, आखिरमा आएर यस पृथ्वी ग्रहमा उहाँको योजना पूरा गरिनै छोड्नुहुनेछ। समय समयमा परमेश्वरका जनहरूले कठोर जीवन, यातना र सतावट भोग्नुपर्ने हुन्छ, तिनीहरूलाई झ्यालखाना पनि हलिन्छ र मृत्युदण्ड पनि दिइनेछ। ती सबै तिनीहरूले येशूलाई रोजेको कारणले हुन्छ। तर ती चुनौतिपूर्ण समयमा र सैतानको भिषण आक्रमणमा पनि परमेश्वरले उहाँको चर्चलाई समाल्नुहुन्छ र सुरक्षित राख्नुहुन्छ।

देहायका पदहरू पढ्नुहोस्। खराब तत्व वा सैतानसँगको संग्रामको वास्तविकतालाई ती पदहरूले कसरी प्रकट गर्छन्? तैपनि ती पदहरूले परमेश्वरका जनहरूलाई सुरक्षित राख्नु हुन्छ भन्ने धारणासँग कसरी तालमेल हुन्छ? इसाई इतिहासमा चार करोडभन्दा बढी विश्वासीहरूको हत्या भएको छ र अझ हत्या गर्ने क्रम जारी नै रहनेछ (अझ कतिपय समयमा इसाई भनाउँदाहरूले नै ती हत्या गरेका थिए र गर्ने पनि छन्)। यद्यपि परमेश्वरको सुरक्षासँग र शहिदहरूको दुःख, कष्ट, पीडा, यातना र मृत्यु आउन दिने उहाँको चर्तिकलासँग के उहाँको सुरक्षाको धारणा बाझिन्छ त? हेर्नुहोस्, "३२ अरू बढ़ी म के भनूँ? किनकि गिदोन, बाराक, शिमशोन, यिप्ताको बारेमा, र दाऊद, शमूएल र अगमवक्ताहरूका विषयमा भनिरहन मलाई समय छैन–३३ जसले विश्वासद्वारा राज्यहरू कब्जा गरे, न्याय स्थापना गरे, प्रतिज्ञाहरू हासिल गरे, सिंहका मुखहरू थुनिदिए, ३४ आगोका ज्वालाहरू निभाए, तरवारका धारबाट उम्के, कमजोरीबाट बलिया भए, युद्धमा वीर भए, विदेशीहरूका फौजलाई भगाए। ३५ स्त्रीहरूले आफ्ना मरेकाहरूलाई पुनरुत्थानद्वारा जीवित पाए। अरूहरूले मृत्युपछि अझ उत्तम जीवन प्राप्त गर्नलाई छुटकारा इन्कार गरेर बरु सास्ती भोगे। ३६

अरूहरूले गिल्ला, कोर्राबाजी, बन्धन र कैद पनि भोग्नुपऱ्यो। ३७ तिनीहरूलाई ढुङ्गाले हाने। तिनीहरू करौंतीले चिरिए। तिनीहरू तरवारले मारिए। भेड़ा र बाख्राका छालाहरू लाएर कङ्गाल भई क्लेश र दुःख पाएर तिनीहरू यताउता डुलिहिँड़े। ३८ संसार तिनीहरूका निम्ति योग्यको थिएन। मरुभूमि, पहाड़हरू, गुफाहरू र पृथ्वीका ओड़ारहरू हुँदो तिनीहरूलाई घुमिहिँड्नुपऱ्यो।" हिब्रू ११:३२-३८ र "८ अनि स्मुर्नाका मण्डलीका दूतलाई यो लेखः यी कुरा आदि र अन्त्यले भन्दछ, जो मरेको थियो, र फेरि जीवित भयो। ९ म तिम्रा कष्टहरू र तिम्रो दरिद्रतालाई जान्दछु। तर तिमी त धनी नै छौ। म तिनीहरूलाई चिन्दछु, जसले आफूलाई यहूदी हौं त भन्छन्, तर वास्तवमा तिनीहरू होइनन्। तिनीहरूले गरेका निन्दा म जान्दछु। तिनीहरू शैतानको सभाघर हुन्। १० तिमीले भोग्नै लागेका कष्टहरूसँग नडराओ। हेर, दियाबलसले तिमीहरूमध्ये कतिलाई तिमीहरूका जाँचको निम्ति कैदमा हाल्न आँटेको छ, र तिमीहरूलाई दशै दिन कष्ट हुनेछ। तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु। ११ जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ। जसले जित्छ, त्यसलाई दोस्रो मृत्युदेखि केही हानि हुनेछैन।" प्रकाश २:८-११।

"हत्या, हिंसा र कठोर यातना दिएर ख्रीष्टको चर्चलाई नाश गर्ने सैतानको प्रयत्न बेकारको छ। सैतानसँगको महायुद्धमा तिनीहरूले बोकेका ख्रीष्टको झण्डालाई निहुऱ्याएन। तिनीहरू हारेर जितेका थिए। परमेश्वरका सेवकहरूलाई मारिएका थिए तर उहाँका कामहरू द्रुतगतिले अघि बढिरहेकाछन्।"-एलेन जी. ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ४१।

***दुःखकष्ट, सतावट, पीडा र यातना भोगेका बाइबलका लेखकहरूले बारम्बार परमेश्वरका प्रेमको बारेमा किन लेखे होलान्? हाम्रो जीवनमा पनि जुनसुकै परिस्थिति भएपनि त्यही प्रेम कसरी अनुभव गर्न सक्छौं?***

## ३. सतावट वा यातनामा पनि निष्ठावान भइरहनु

इसाई जगतको सुरुको शताब्दीहरूमा इसाई चर्च द्रुत गतिमा बढेको थियो। इसाईहरूलाई झ्यालखानामा थुनिएका थिए, अनेकौं निर्मम यातना दिएका थिए र तिनीहरूलाई घृणा गर्ने रोमी शासक, यहूदी र अन्य जातिहरूले तिनीहरूलाई खेदो गरेका थिए। तिनीहरूलाई खोजिखोजि यातना दिने चलन थियो। तैपनि, पवित्र आत्माले भरिपूर भएका आस्थावान विश्वासीहरू ख्रीष्टमा पूरै समर्पित थिए

र तिनीहरू जहाँ गएतापनि परमेश्वरको वचन प्रभावकारी ढङ्गले प्रचार गरेका थिए। तिनीहरूको कदमले मानिसहरूका जीवन परिवर्तन भएको थियो र लाखौं मानिसहरू खीष्टलाई विश्‍वास गर्न थालेका थिए।

नयाँ करारकाको चर्चले अनेकौं चुनौति र वाधाहरूको सामना गर्नुपरेको थियो। यद्यपि, त्यसको बावजुद पनि चर्च द्रुत गतिले बढेको थियो। देहायका पदहरू ती वाधाहरू के थिए र तिनीहरूबाट हामीले के पाठ सिक्नसक्छौं? हेर्नुहोस्, "३६ "त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्‍वरले उहाँलाई प्रभु र खीष्ट बनाउनुभयो।" ३७ यो कुरा सुनेर तिनीहरूको हृदय छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, "ए भाइ हो, हामीले के गर्ने?" ३८ पत्रुसले तिनीहरूलाई भने, "पश्‍चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू खीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। ३९ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्‍वरले बोलाउनुहुन्छ।"४० अरू धेरै कुराहरूद्वारा उनले तिनीहरूलाई गवाही दिए, र यसो भनेर अर्ती दिए, "यस दुष्ट पुस्ताबाट तिमीहरूले आफैलाई बचाओ।" ४१ तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए, र त्यसै दिन प्रायः तीन हजार मानिसहरू तिनीहरूको संख्यामा थपिए।४२ तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे।" प्रेरित २:३६-४२, "१ पत्रुस र यूहन्ना मानिसहरूसँग बोल्दै नै थिए, पूजाहारीहरू, मन्दिरका कप्तान र सदुकीहरू तिनीहरूकहाँ आए। २ उनीहरू रिसाएका थिए, किनकि येशूमा पुनरुत्थान हुन्छ भन्ने कुरा तिनीहरूले मानिसहरूलाई सिकाउँदैथिए र घोषणा गर्दैथिए। ३ तब उनीहरूले यिनीहरूलाई पक्रे, र भोलिपल्टसम्म थुनामा राखे, किनभने त्यस बेला साँझ परिसकेको थियो। ४ तर वचन सुन्नेहरूमध्ये धेरैले नै विश्‍वास गरे, र विश्‍वास गर्ने मानिसहरूको संख्या प्रायः पाँच हजार भयो।३१ तिनीहरूले प्रार्थना गरिसकेपछि तिनीहरू भेला भएको ठाउँमा कम्प भयो, र तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र तिनीहरूले साहससित परमेश्‍वरको वचन बोले। ३२ विश्‍वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर

तिनीहरूका सबै थोक साझा थिए। ३३ ती प्रेरितहरूले बड़ो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो। ३४ तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गाजमिन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर त्यसको मोल ल्याउँथे, ३५ र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँड़िदिन्थे।" प्रेरित ४:१-४,३१-३५, "४० तब उनीहरूले तिनका सल्लाह माने। अनि उनीहरूले प्रेरितहरूलाई भित्र बोलाएर पिटे, र "येशूको नाउँमा नबोल्नू" भन्ने आज्ञा दिई तिनीहरूलाई छोडिदिए। ४१ तब येशूको नाउँमा अपमान सहने योग्यका ठहरियौं भन्ने कुरामा आनन्द मनाउँदै तिनीहरू महासभाको उपस्थितिबाट निस्केर गए। ४२ अनि हरेक दिन तिनीहरूले मन्दिरमा र घर-घरमा गएर येशू नै ख्रीष्ट हुनुहुन्छ भनी सिकाउन र प्रचार गर्न छोड़ेनन्।" प्रेरित ५:४०-४२ र "१ तिनको (स्तिफनस) हत्यामा शाऊल पनि सहमत थिए। त्यसै दिन यरूशलेममा भएका मण्डलीको विरुद्धमा ठूलो सतावट सुरु भयो, र प्रेरितहरूबाहेक तिनीहरू सबै यहूदिया र सामरियाका इलाकातिर छरपष्ट भए। २ भक्तजनहरूले स्तिफनसलाई लगेर गाड़े, र तिनको निम्ति ठूलो विलाप गरे। ३ तर शाऊलले चाहिँ घर-घरमा पसेर मण्डलीलाई संहार गरिरहेका थिए। तिनले पुरुष र स्त्रीहरूलाई घिस्स्याउँदै लगी झ्यालखानमा हालिदिन्थे।४ तब ती छरपष्ट भएकाहरूले चारैपट्टि गएर वचन प्रचार गरे। ५ फिलिपचाहिँ सामरियाको एउटा सहरमा गएर तिनीहरूलाई ख्रीष्ट प्रचार गरे। ६ फिलिपले भनेका वचन सुनेर अनि तिनले गरेका चिन्हहरू देखेर, भीड़ले एक मनका भई तिनका कुरामा ध्यान दिए। ७ किनकि धेरै जनाबाट अशुद्ध आत्माहरू ठूलो सोरले चिच्च्याउँदै निस्कन लागे, र धेरै जना पक्षाघातका रोगीहरू र लङ्गड़ाहरू पनि निको पारिए। ८ यसरी त्यस सहरमा ज्यादै आनन्द भयो।" प्रेरित ८:१-८।

चेलाहरूले अनेकौं धम्कीको सामना गरेका थिए (प्रेरित ४:१७), तिनीहरूलाई झ्यालखानामा थुनेका थिए (प्रेरित ५:१७,१८), सतावट तथा यातना दिएका थिए (प्रेरित ८:१)। तैपनि पवित्र आत्माको शक्तिले तिनीहरू निडर भएर पुनरुत्थान हुनुभएको ख्रीष्टको बारेमा प्रचार गरेका थिए। त्यसको फलस्वरूप यहूदा, गालिल र सामरियामाभरी चर्चहरू संख्यात्मक रूपमा वृद्धि भएको थियो (प्रेरित ९:३१)।

नर्कका सारा खम्बाहरू हल्लेका थिए। सैतानका सिक्रीहरू तोडिएका थिए। पुनरुत्थान हुनुभएको ख्रीष्टको शक्तिको सामु मूर्तिपूजाका अन्धविश्वासहरू भत्किन पुगेको थियो। अनेकौं अनौठो र बाधाको बिचमा पनि सुसमाचारले जितेका थिए। चेलाहरू कुनै कोठाहरूमा भूमिगत भएनन्। डर, त्रास र धम्किहरूलाई तिनीहरूले पचाउन सकेका थिए।

विश्वासले चेलाहरूका हृदय भरिएका थिए। तिनीहरूको पुनरुत्थान हुनुभएको प्रभुको एक झल्कोले तिनीहरूका जीवनहरू परिवर्तन भएको थियो। केवल खानपिनको लागि मात्र बाँच्ने तिनीहरूको रहरलाई येशूले जिउनुको नयाँ कारण दिनुभएको थियो। प्रभुले तिनीहरूलाई महान् आदेश मात्र दिनुभएन (मर्कूस १६:१५), तर उहाँले तिनीहरूलाई नयाँ प्रतिज्ञा पनि दिइएको थियो, "पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।"प्रेरित १:८।

पृथ्वीको अत्यन्तै दुर्गम कुनाहरूमा सुसमाचार फैलिएका थिए (कलस्सी १:२३)। येशूका चेलाहरूमा अन्तिम चेला यूहन्ना प्रथम शताब्दीको अन्तमा मृत्यु भएको थियो। अरूहरूले सत्यको चिराख बोके र जीवित ख्रीष्टको बारेमा सन्देश फैलाए।

आधुनिक टर्कीको उत्तरी समुद्री सिमानाको सहर रोमी प्रान्त बिथनियाको युवा हाकिम प्लिनीले सन ११०मा रोमको सम्राट् ट्राजनलाई इसाई गतिविधिको बारेमा पत्र लेखेका थिए। उनको पत्र धेरै महत्त्वपूर्ण छ किनकि यो पत्र येशूलाई क्रूसमा टाँगिएको लगभग अस्सी वर्ष पछि लेखिएको थियो। इसाईहरूलाई हत्या गर्न तिनीहरूको विरुद्धमा ठूलो मुद्दा चलेको थियो। इसाईहरू मारिन निर्णयक न्यायको भूमिका खेलेका थिए। तिनीहरूको विरुद्धमा आधिकारिक फैसला सुनाउनु परेको उनले लेखेका थिए। उनले यो व्यक्त गरेका थिए, "सबै वर्षका धेरै मानिसहरूको विरुद्धमा आरोप लगाइएका छन् र तिनीहरूलाई कष्ट दिइरहेका छन्। स्त्री, पुरुष र सबै वर्गका मानिसहरूलाई आरोप गरेर खतरामा पारिरहेकाछन्। यो त निरन्तर जारि भइरहेको छ। यो अन्धविश्वासको (इसाई धर्म) संक्रमण सहरहरूमा मात्रै होइन सारा गाउँ घर र जिल्लामा फैलिरहेको छ।" हेन्री बेटेनसन, *डकुमेन्टस् अभ द क्रिश्चियन चर्च* (न्यु योर्क, अक्सफोर्ड, २०११), पृ. ४।

सैतानको भिषण र त्राही त्राही आक्रमणहरूको बाबजुद पनि इसाई चर्च द्रुत रूपमा बढेको थियो।

***युगको अन्त्यमा पनि चर्चमा आउने सतावटको बारेमा मध्ये नजर राखेर सुरुको चर्चबाट हामीले के पाठ सिक्न सक्छौं?***

## ४. समाजको हेरचाह गर्ने चर्च

प्रारम्भिक चर्च केवल सुसमाचार प्रचार गरेर मात्र बढेको थिएन, तर विश्वासीहरू सुसमाचारको मर्म अनुसार जिएका थिए। येशू ख्रीष्टकै अनुसरण विश्वासीहरूले गरेका थिए। "येशू तिनीहरूका सभाघरहरूमा सिकाउँदै, राज्यको सुसमाचार प्रचार गर्दै, र मानिसहरूमा भएका हरेक किसिमका रोग र शारीरिक दुर्बलता निको पार्दै सारा गालीलभरि घुम्नुभयो।" मत्ती ४:२३। मानिसहरूको कल्याणप्रति येशूले गहिरो चासो राख्नुभएको थियो। त्यही अनुसार नयाँ करारका चर्चले पनि समाजको  हेरबिचार गर्दथे। प्रारम्भिक इसाई चर्चका विशेषताहरूलाई हामीले ख्याल गर्नु जरुरी छ। विश्वासीहरू आफ्नो भाउ नखोज्ने तर निस्वार्थी भावनाले मानिसहरूको सेवा गर्न समर्पित थिए। तिनीहरू प्रेमले परिचालित भएका थिए। पवित्र आत्माको शक्तिले तिनीहरूले सुसमाचार प्रचार गरेका थिए। ती गुणहरूले गर्दा प्रथम शताब्दीको चर्चले देश र विदेशमा अत्यन्तै प्रभाव पारेको थियो।

**हप्ताको एक दिन दुई तिन घन्टा चर्च जाँदै कोही पनि व्यक्ति इसाई हुँ भनेर दावी गर्न नसुहाउने परिप्रेक्ष्यमा सही येशूभक्त भनेर देखाउन देहायका पदहरूले हामीलाई के पाठ सिकाउँछ? समय र परिवेश फरकै भएतापनि तिनीहरूमा भएका नीतिहरू हामीले पनि कसरी अँङ्गाल्नु सक्छौं वा पर्छ? हेर्नुहोस्, " ४४ विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। ४५ तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे। ४६ तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, ४७ र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।" प्रेरित २:४४-४७, " १ पत्रुस र यूहन्ना दिउँसो तीन बजे प्रार्थनाको समयमा मन्दिरमा जाँदैथिए। २ मन्दिरभित्र पस्नेहरूबाट भीख माग्न जन्मैदेखिको एक जना लङ्गड़ालाई मानिसहरू बोकेर**

ल्याउँथे र दिनहुँ मन्दिरको सुन्दर नामक ढोकामा राखिदिन्थे। ३ पत्रुस र यूहन्नालाई मन्दिरभित्र पस्न लागेका देखेर त्यसले भीख माग्यो। ४ यूहन्नासँगै पत्रुसले त्यसलाई एकटक लाएर हेरिकन भने, "हामीतिर हेर!" ५ तिनीहरूबाट केही पाउने आशा गरेर त्यसले ध्यान दिएर तिनीहरूलाई हेऱ्यो। ६ तब पत्रुसले भने, "सुनचाँदी मसित छैन। तर जे मसित छ, त्यही म तिमीलाई दिन्छु। नासरतका येशू ख्रीष्टको नाउँमा हिँड्!" ७ तिनले त्यसको दाहिने हात समातेर त्यसलाई उठाए, र तुरुन्तै त्यसका खुट्टाहरू र गोलीगाँठामा ताकत आयो। ८ अनि जुरुक्कै उठेर त्यो खड़ा भयो र हिँड्न थाल्यो, र हिँड्दै र उफ्रँदै र परमेश्वरको स्तुति गर्दै तिनीहरूसँग मन्दिरमा पस्यो। ९ तब सबै मानिसहरूले त्यसलाई हिँड्दैगरेको र परमेश्वरको प्रशंसा गरिरहेको देखे। १० तिनीहरूले त्यसलाई मन्दिरको सुन्दर ढोकामा भीख माग्न बसिरहने यही नै हो भनेर चिने, र त्यसमाथि भएको कुरामा तिनीहरूले अचम्म माने र आश्चर्यचकित भए।" प्रेरित ३:१-१० र " १ ती दिनमा जब चेलाहरूको संख्या बढ्दैगएको थियो, तब हिब्रूहरूका विरुद्धमा ग्रीक-यहूदीहरूले गनगन गरे, किनभने दैनिक खाद्य वितरणमा तिनीहरूका विधवाहरूले चाहिँदो भोजन पाउँदैनथिए। २ तब बाह्रैले चेलाहरूको समूहलाई बोलाएर भने, "परमेश्वरको वचन प्रचार गर्न छोड़ेर खुवाउने-पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन। ३ यसकारण भाइ हो, तिमीहरू मध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं। ४ तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं।"५ यो कुरा समूहका सबैलाई मन पऱ्यो र भेला भएका जम्मैलाई असल लाग्यो, र तिनीहरूले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास र एन्टिओखियाका यहूदी मत मान्ने निकोलाउसलाई छाने। ६ तिनीहरूले यी मानिसहरूलाई प्रेरितहरूका सामुन्ने ल्याए र प्रेरितहरूले प्रार्थना गरे र यिनीहरूमाथि आफ्ना हात राखे। ७ परमेश्वरको वचन बढ्दैगयो, र चेलाहरूको संख्या यरूशलेममा अत्यन्तै बढ्यो। पूजाहारीहरूमध्ये धेरै जनाले यस विश्वासलाई ग्रहण गरे।" प्रेरित ६:१-७।

नयाँ करारको विश्वासीहरू ख्रीष्टकै अनुसरण गरेर चलेका थिए। पत्रुसकै वयान अनुसार "परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो।" प्रेरित

१०:३८। ख्रीष्टको चर्च यस संसारमा उहाँको शरीर थियो। दुःखमा परेका र हृदय छियाछिया भएको मानवताको सेवा गर्न प्रथम शताब्दीका इसाईहरू त्यागी भावना र प्रेमले परिचालित भएका थिए। समाजको आवश्यकतामा तिनीहरूले चासो देखाएका थिए। ती विश्वासीहरू ख्रीष्टको दया, कृपा, करुणा र प्रेम बन्द कोठाभित्र प्रवचन दिन मात्र सिमित राखेका थिएनन् बरु मानिसहरूकै बिचमा गएर तिनीहरूको सेवा गरेर येशूको भावनालाई प्रत्यक्ष प्रमाणित गरेका थिए।

जगतमा भइरहेको परमेश्वर र सैतानको भिषण द्वन्द्वमा सैतानले मानिसहरूमा परमेश्वरको चरित्र वा स्वरूपलाई विगारेर क्षतविक्षत गर्न चाहन्छ। सुसमाचारको लक्ष्य नै मानवतामा परमेश्वरको स्वरूपलाई पुनर्स्थापना गर्नु हो। शारीरिक, मानसिक वा वौद्धिक, भावानात्मक र आत्मिक जिर्ण भएको मानिसमा परमेश्वरले आफ्नो स्वरूप फेरि प्रतिस्थापित गर्न चाहनुहुन्छ।

यस संसारमा जन्मिने हामी प्रत्येक मानिस प्रति परमेश्वरको योजना के छ भनेर येशूले यसरी आफ्नो भावना प्रकट गर्नुहुन्छ, "७ यसकारण येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, भेड़ाहरूको ढोका मै हुँ। ८ मभन्दा अघि आउने सबै चोर र डाँकूहरू हुन्, तर भेड़ाहरूले तिनीहरूका कुरा सुनेनन्। ९ ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ, र भित्र-बाहिर आउने-जाने गर्नेछ, र खर्कमा चर्न पाउनेछ। १० "चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ। ११ म असल गोठालो हुँ। असल गोठालाले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ। १२ भाडाको मान्छेचाहिँ भेड़ाहरूको आफ्नै गोठालोजस्तो होइन। त्यसले त ब्वाँसालाई आएको देखेर भेड़ाहरूलाई छोडी त्यो भाग्छ, र ब्वाँसाले भेड़ाहरूलाई गाँजी लैजान्छ, र तितरबितर पारिदिन्छ। १३ त्यो भाग्छ, किनभने त्यो भाडाको मान्छे हो, त्यसले भेड़ाको केही वास्ता गर्दैन। १४ "म असल गोठालो हुँ, म आफ्ना भेड़ाहरूलाई चिन्छु, अनि मेरा भेड़ाहरूले मलाई चिन्छन्। १५ जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, अनि म भेड़ाहरूका लागि आफ्नो प्राण अर्पण दिन्छु।" यूहन्ना १०:७-१५। शारीरिक रूपमा पूरा स्वस्थ भएको, मानसिक रूपमा सजग भएको वा वौद्धिक क्षमता बढेको, भावनात्मक वा मिजासमा स्थिर भएको र आत्मिक रूपमा सटिक वा पूर्ण स्वस्थ भएको येशू चाहनु हुन्छ।

उहाँको पुनआगमनको परिवेशमा हामी पूर्ण स्वस्थ भएको उहाँ चाहनु हुन्छ। यस संसार महासङ्कटको चपेटा छ। येशूको आगमन हुनुभन्दा अघि हुने यस संसारमा विनाशकारी घट्नाहरू उहाँले मत्ती २४ र लूका २१मा भविष्यवाणी गर्नुभएको छ। जब ख्रीष्टले हामीलाई छुनुभएर उहाँको स्वस्थ अनुग्रह दिनुहुन्छ तब हामीले अरूलाई पनि त्यही स्पर्श दिन चाहन्छौं। अरू पनि पूर्ण रूपमा स्वस्थ होस् भन्ने हाम्रो तिब्र चाहना हुन्छ। यस टुटेफुटेको संसारमा ख्रीष्टले हामीलाई येशूले उहाँको राजदूत बनाएर पठाउनुभएको छ। अरूलाई उहाँको प्रेमले हामी छुन सकौं भन्ने उहाँको चाहना हो। नयाँ करारको चर्च एक आपस र समाजमा येशूको प्रेम झल्काउने समुह हो भनेर सबैको सामु प्रकट भएको थियो।

***येशूप्रति सैतानको आरोप गलत हो भनेर देखाउन चर्चले येशूसँग सहयोगी भएर कसरी देखाउन सक्छ? चिन्तन गर्नुहोस्।***

## ५. प्रेमको सम्पदा वा परमेश्वरको प्रेमको निरन्तरता

**परमेश्वरको शासनको प्रतिरोध गर्दा उहाँ र सैतानको बिचमा महायुद्ध चर्किएको थियो। त्यो प्रतिरोधको मुल विषयवस्तु थियो प्रेम अर्थात् परमेश्वर प्रेमिलो हुनुहुन्न। तर यस परिवेशमा येशूले भन्नुभएको वचनले सैतानको आरोप झुटो हो भनेर देहायका पदहरूले कसरी प्रमाणित गर्दछ? सक्कली वा पक्का येशूभक्तको विशेषता के हो भनेर ती पदहरूले हामीलाई सिकाउँदछ? हेर्नुहोस्, "३४ "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछुः तिमीहरू एक-अर्कालाई प्रेम गर। तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर। ३५ यदि तिमीहरूले एक-अर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ।" यूहन्ना १३:३४-३५ र " १६ हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं र विश्वास गर्छौं। परमेश्वर प्रेम हुनुहुन्छ, र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ, र परमेश्वर त्यसमा रहनुहुन्छ। १७ न्यायको दिनको निम्ति हामी पूर्ण भरोसासाथ बस्न सकौं भनेर प्रेम यसैमा हामीमा सिद्ध हुन्छ। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं। प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ। किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन। १९ हामी प्रेम गर्दछौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो। २० यदि कसैले "म परमेश्वरलाई प्रेम गर्छु" भन्छ, तर आफ्नो**

**भाइलाई घृणा गर्छ भने त्यो झूटो हो, किनकि आफूले देखेको आफ्नो भाइलाई नै प्रेम नगर्नेले नदेखेका परमेश्वरलाई प्रेम गर्न सक्दैन। २१ हामीले उहाँबाट यो आज्ञा पाएका छौं, कि जसले परमेश्वरलाई प्रेम गर्छ त्यसले आफ्नो भाइलाई पनि प्रेम गर्नुपर्छ।" १ यूहन्ना ४:१६-२१।**

प्रथम केही शताब्दीहरूमा इसाई आदर्शको चिन्ह नै प्रेम थियो। प्रख्यात रोमी इसाई लेखक टर्टुलियन (सन १६५-२२०)ले इसाईहरूको बारेमा दावी गर्दै यो लेख्दछन्, "मुख्यतः प्रेमको क्रियाकलापले नै मानिसहरूले हामीलाई पहिचान गरेका छन्। हाम्रो आदर्श जीवन नै प्रेम हो। मानिसहरूले हामीलाई देखेर चकित हुँदै यसरी व्यक्त गर्दछन्, *हेर त, तिनीहरू एक आपसमा कसरी प्रेम गर्दो रहेछ*।" (टर्टुलियनको आपोलोजी ३९, एक थिलवालको अनुवादबाटः https://www.logoslibrary.org/tertullian/apology/39.html

इसाईहरूले परमेश्वरको प्रेमलाई प्रकट गरेका धेरै प्रमाणहरू पाइन्छ। तिनीहरूमा महान् प्रमाण, सन लगभग १६०देखि २६५मा युरोपमा जब महामारी चर्किएको थियो त्यसबेला इसाईहरूले आफ्नो प्रेमलाई प्रदर्शन गरेका थिए। महामारीले बिरामी र मर्न लागिरहेकाहरूको सेवा गर्न इसाईहरू अघि सरेका थिए। त्यसबेलाको महामारीले दशौं हजार मानिसहरू मरेका थिए र कतिपय सारा गाउँ र सहरहरूमा मानिसको अस्तित्व नै सखाप भएको थियो। इसाईहरूको निस्वार्थी सेवा, त्याग, हेरचाह र मायालु सेवाले जनमानसमा ठुलो प्रभाव परेको थियो। ती दुई महामारीहरूहरूको समयमा इसाईहरूले गरेका सेवा र सुश्रुषाले रोमी साम्राज्यमा लाखौं मानिसहरू येशूलाई विश्वास गर्न पुगेका थिए। इसाईहरूमा भएको प्रेम, बाहिरका मानिसहरूप्रति देखाएको चासो र संगठीत निश्वार्थ कदम अपनाएर बिरामी र मृत्यु शैयामा परेकाहरूको सेवाले गर्दा विश्वासीहरूप्रति जनमानसको सराहना सृजिएको थियो। तिनीहरूले प्रतिनिधित्व गरेको ख्रीष्टलाई तिनीहरूको व्याबहारिक क्रियाकलापले देखाएको थियो।

आधुनिक इतिहासकार रोड्नी स्टार्कले लेखेका द राइज अभ क्रिश्चियानिटीमा त्यसबेलाको समयका घट्नाहरूको आधारमा ऐतिहासिक चित्रण गर्दछन्। दोस्रो महामारीमा खटेका सारा इसाई समुदायको बारेमा चित्रण यस पुस्तकमा गरेको छ। त्यसबेलाका इसाईहरू प्रायजसो यहूदी धर्मबाट नै आएका थिए। प्रायजसो तिनीहरू सबै स्वास्थ कर्मीमा परिणत भएका थिए। कष्टमा परिरहेका मानिसहरूको सुश्रुषा र आधारभूत आवश्यकता

ती इसाईहरूले पुऱ्याएका थिए। "सन २६०को दशकमा भएको दोस्रो महामारीको चरम बिन्दुमा रोमको बुद्धिजीवि डियोनिसियसले इसाईहरूको प्रशंसा गर्दै लामो श्रद्धाञ्जली लेखेका थिए। धेरै इसाईहरूले बिरामीहरूको विरतापूर्वक सेवा गरेका थिए र अरूको सेवा गर्दा तिनीहरू धेरैले आफ्नो ज्यान गुमाएका थिए।

"हाम्रा इसाई दाजुभाइहरूमा धेरै जसोले असिमित प्रेम र बफादारी देखाएका थिए। तिनीहरूले आफूलाई वास्ता नगरी अरूको हितमामा लागेका थिए। खतरादेखि नडराएर तिनीहरूले बिरामीहरूको स्याहार गरे। ख्रीष्टमा रहेर तिनीहरूले मानिसहरूको प्रत्येक आवश्यकतामा सेवा गरेका थिए। कतिपय मानिसहरू खुशी भएर नै आफ्ना प्राणहरू त्यागेका थिए। ती इसाईहरूलाई अरूको रोगले समातेतापनि त्यसको पर्वाह नगरी तिनीहरूको छिमेकीको सेवा गरेका थिए। दुःख, पीडालाई तिनीहरूले हाँसी हाँसी ग्रहण गरेका थिए।"-रोड्नी स्टार्क, *द राइज अभ क्रिस्टयानिटी,* न्यु जर्सी, प्रिनस्टन, १९९६, पृ. ८२।

***माथि व्यक्त गरिएको विवरणमा हाम्रो निम्ति सन्देश के छ? अरूको निम्ति हामी मर्न कसरी सक्छौं ताकि हामीले पनि त्यही खालनको निस्वार्थी भावना देखाउन सकौं। यो सजिलो त छैन, छ त?***

**उपसंहारः**

**थप जानकारीः** "ख्रीष्टको चर्चलाई हिंसाद्वारा नष्ट गर्ने सैतानको प्रयास बेकारको थियो। सुसमाचार प्रचार निरन्तर रूपमा प्रचार भएको थियो र येशूमा आस्था राख्नेहरू बढ्दै गएका थिए। रोमका चिलहरू जान नसक्ने अनकङ्टार क्षेत्रहरूमा पनि सुसमाचार फैलिएको थियो। येशूलाई विश्वास नगर्ने शासकहरूले यातना गर्दा एक जना इसाईले भनेको थियोः 'तपाईंले हामीलाई मार्न सक्नुहुन्छ, यातना दिन सक्नुहुन्छ, दोषी ठहराउन सक्नुहुन्छ...तपाईंहरूको अन्यायले नै हामी निरपराध छौं भनेर प्रमाणित गरिरहेको छ। तपाईंहरूको क्रुरताले तपाईंहरू जित्न सक्नुहुन्न।' अरूहरूलाई आस्थामा निम्त्याउन यो उच्च आवाज थियो।' 'जति धेरै तपाईंहरूले हामीलाई पेल्नुहुन्छ त्यति हाम्रो संख्या बढ्छ; इसाईहरूको रगत नै बिऊ हो।'"- टर्टुलियन, आपोलोजी, छन्द ५०।"-एलेन जी. ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ४१,४२।

"दुष्ट मानिसहरूको हातबाट धर्मीहरूलाई सतावट दिन परमेश्वरले अनुमति दिनुभएको रहस्यमय कदमले विश्वासमा कमजोर भएकाहरूको निम्ति ठूलो अन्यौलको विषय भएको छ। त्यसले गर्दा येशूलाई विश्वास गर्न तिनीहरूलाई असजिलो पनि भएको हुन्छ। सबभन्दा अनैतिक, दुष्ट र निच मानिसहरूको सम्मान वा प्रतिष्ठा बढेको देख्दा कति इसाईहरूले परमेश्वरप्रतिको विश्वास नै त्याग्न तयार हुन्छन्। धर्मी, शुद्ध र असल मानिसहरूले दुःखकष्ट पाउँदा र क्रुर शक्तिले तिनीहरूलाई थिचोमिचो गर्दा विश्वासमा कमजोर भएका कतिपय इसाईहरू रनभुल्लमा पर्छन्। तिनीहरूले यो सोध्छन्, यदि परमेश्वर न्यायी र कृपालु हुनुहुन्छ भने अन्याय र अत्याचारलाई उहाँले कसरी सहनु हुन्छ? के उहाँको शक्ति असिमित छैन र? तर हामी विश्वासमा पक्का हुनेहरूको निम्ति त्यस खालको प्रश्नसँग हाम्रो सरोकार छैन। परमेश्वरले उहाँको प्रेमको बारेमा पर्याप्त प्रमाण हामीलाई दिइएको छ। परमेश्वरको हितप्रति हामीले शङ्का गर्नु उचित छैन। परमेश्वरले कसरी काम गरिरहनुभएको छ त्यो हामीले बुझेकाछैनौं भन्दैमा उहाँप्रति शङ्का गर्ने हाम्रो आधार छैन।"-एलेन जी. ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ४७।

**चिन्तनमनन:**

**अ. दुःखकष्ट वा सतावत्को मूल्य के छ? समय समयमा परमेश्वरका जनहरू दुःख पाउन परमेश्वरले किन अनुमति दिनुभयो होला? प्रारम्भिक चर्चमा केही असल नतिजा भएतापनि कतिपय समयमा दुःख, कष्टले केही असल नतिजा आएको देखिन्दैन। यद्यपि, यस भिषण परिस्थितिहरूमा पनि हामी आस्थामा समाहित भएर बस्न परमेश्वरको प्रेमको व्यक्तिगत अनुभव किन महत्त्वपूर्ण छ?**

**आ. यदि तपाईंको साथीले यो प्रश्न गरे तपाईंले कसरी जवाफ दिनुहुन्छः "म दुःखकष्ट पाइरहेको बेलामा परमेश्वर कहाँ हुनुहुन्छ? यदि उहाँले मलाई प्रेम गर्नुहुन्छ भने म यस कठिन परिस्थितिमा किन गुज्रिरहेको छु?"**

**इ. समाजमा प्रभावित पार्न तपाईंको स्थानीय चर्चले समाजको सेवा कसरी गर्न सक्छ? समाजमा चर्च सेवाग्रही समुदाय हो भनेर देखाउन के के व्यावहारिक कदमहरू चाल्न सक्छ?**

## कथा २
## इटालीका परमेश्वरमा बफादारी जिम्नास्ट

सारा त वर्षी सारा जिम्नास्टिक वा व्यायाम खेल्न धेरै रुचाउँथिन्। उनको निम्ति सजिलो थियो र उनको निम्ति असलै थियो। उनलाई कार्टह्विल गर्न सार्‍है मन पर्थ्यो। यो व्यायाम शरीरलाई तन्काउने, हात पाखुरा जीउलाई चलाउने आदि कला हो। यसले शरीर कतिको लचकदार भनेर देखाउँछ। उनी नलडुञ्जेल कार्टह्विल वा शरीरलाई तन्क्याउँदै जान सक्थिन्।

तर सानी नै भएपनि जिम्नास्टिक भन्दा अरू थोकलाई नै मन पराउँथिन्। उनले परमेश्वरलाई धेरै माया गर्थिन्। एक दिन उनकी प्रशिक्षकले उनको सहर इटालीको इसीमा भव्य जिम्नास्टिक प्रदर्शन साबथमा गरिनेछ भनेर सूचना दिए। त्यसमा उनी पनि सहभागी हुने अवसर थियो। यो खालको प्रदर्शन वर्षको एक दिन मात्रै हुन्थ्यो। त्यसबेला बालबालिकाहरूले आफ्नो कौशल बाबुआमा र परिवारका सदस्यहरूलाई गौरवसाथ देखाउँथे।

त्यो पदर्शन साबथमा हुने भनेर प्रशिक्षकले भन्दा सारा दुःखित भइन्। घरमा आफ्नो अनुहार अध्यारो भएको उनकी आमाले देखिन। "परमेश्वरले सबै समस्याको समाधान गर्न सक्नुहुन्छ," भनेर आमाले सुनाइन्। यो साबथको समस्या परमेश्वरलाई भन्नु भनेर आमाले उनलाई सुझाव दिइन्। बेलुका, साराले प्रार्थना गरिन्, "हे प्यारो परमेश्वर, मैले त्यो प्रदर्शनमा भाग लिन नपाउँदा मलाई दुःख लाग्छ। तर तपाईंको इच्छा पूरा होस्।"

सारा र अरु केटाकेटीहरू हरेका मङ्गलबार र बिहिबार जिम्नास्टिक सिके। मङ्गलबारको दिन सार्वजनिक जिम्नास्टिक प्रदर्शन हुने दिन शनिबार हुन्छ भनेर सबैलाई खबर दिए।

बुधवार बेलुका साराले फेरि प्रार्थना गरिन्। जिम्नेस्टिकको कक्षामा प्रशिक्षकले अचानक जिम्नास्टिकको दिन बदलियो भनेर बिहिबारको कक्षामा खबर दिइन्। "व्यवस्थापनमा केही समस्या भएकोले हामीले त्यो प्रदर्शन एकदिन पछि वा आइतबार सार्‍यौं," शिक्षिकाले बताइन्। चकित भएकोय साराले उफ त विश्वासै गर्न सकिनन्। उनी खुशीले उफ्रिन्। जब बेलुका त्यो खबर आमालाई सुनाइन् तब आमाको अनुहार घामभन्दा चर्को गरेर हाँसिन्। "तिमीले परमेश्वरमाथि सधैं भरोसा राख्नुपर्छ!" उनले बताइन्।

हो, साराले जहिले पनि परमेश्वरमाथि भरोसा राखेकी थिइन्। यो त उनको प्रार्थनाको बारेमा पहिलो अनुभव थियो। यसले गर्दा परमेश्वरमाथि उनको विश्वास झन बलियो भयो। साबथमा उनले चर्चमा के भयो भनेर सुनाइन्। चर्चको सदस्यले प्रार्थनाको बारेमा विशेष प्रवचन तयार गरेकी थिइन्। उनले सारालाई सबैको अगाडि आफ्नो कथा सुनाउन बोलाइन्।

अहिले सारा १९ वर्षकी छिन्। उनले एडभेन्टिस्ट मिशनलाई यो सुनाइन्, "जब मेरो जीवनमा समस्याहरू आए तब मैले जहिले पनि प्रार्थना गर्छु।"

-आन्द्र्यु मेकचेस्नी